# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,

लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

| खण्ड १ | अंक: १ | बैशाख, ०८ गते २०८० साल | (संख्या: ०५) |
|---|---|---|---|


### भाग-१

नगर सभाको मिति: २०७९/११/२० मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### बर्दघाट नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०

**प्रस्तावना:** साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्यायत्त शासन नियमावली, २०५६ बमोजिम साविक स्थानीय निकाय (गा.वि.स, जि.वि.स र नगरपालिका) मा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार समायोजन भई बर्दघाट नगरपालिकामा कामकाज गर्न खटिएका र संघ सरकारबाट समायोजन भै बर्दघाट नगरपालकिामा खटिए पश्चात तथा अन्य स्थानीय तहबाट सरुवा तथा पदस्थापन भएका र संघीय सरकारबाट समायोजन भै हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरु उपलव्ध नभएको सन्दर्भमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोवल उच्च बनाउन कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बर्दघाट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"बर्दघाट नगरपालिकामा साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलव्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०"** रहेको छ।

(२) यो ऐन नगरसभाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले यस ऐनको प्रयोजनको लागि साबिक स्थानीय निकायहरुबाट स्थानीय तह बर्दघाट नगरपालिकामा समायोजन भएका स्थायी कर्मचारी सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले बर्दघाट नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको" वा "तोकिए वमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले बर्दघाटनगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"नगरपालिका"** भन्नाले बर्दघाट नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) **"स्थानीय कानुन"**भन्नाले बर्दघाट नगरपालिकाबाट जारी भएका कानुनलाई सम्झनु पर्छ ।

(ज) **"प्रोत्साहन सुविधा"** भन्नाले साविक स्थानीय निकायहरुबाट स्थानीय तह बर्दघाट नगरपालिकामा समायोजन भएका स्थायी **कर्मचारी**हरुलाई यसै ऐनको दफा ४ बमोजिम उपलब्ध हुने तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप समेतलाई सम्झनुपर्छ ।

## ३. संगठन तथा कर्मचारी दरबन्दीः

(१) बर्दघाट नगरपालिकामा सेवा प्रवाहका लागि आवश्यक पर्ने प्रशासकीय संगठन संरचना तथा कर्मचारी दरबन्दी नेपाल सरकारले स्वीकृत गरेबमोजिम हुनेछ ।

## ४. कर्मचारीको प्रात्साहन सुविधाः

(१) यो ऐन प्रारम्भ हुँदाका वखत यस दफाको उपदफा (४) मा तोकिएको मापदण्ड पुरा गरेका कर्मचारीलाई एक पटकका लागि  तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप मध्ये कुनै एक प्रोत्साहन सुविधा उपलव्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रोत्साहन सुविधा उपलब्ध गराउंदा नियुक्ति, शैक्षिक योग्यता, सेवा अवधि र कार्यसम्पादन मूल्यांकनलाई समेत आधार लिइनेछ ।

(३) उपदफा (१) बमोजिम स्तरवृद्धि वा तह वृद्धि वा ग्रेड थप गर्दा छैंटौ तह सम्मका लागि पछिल्लो ३ वर्षको र सो भन्दा माथीका तहहरुका लागि पछिल्लो ५ वर्षको कार्यसम्पादन मूल्यांकनमा औषत न्युनतम ९० प्रतिशत अंक प्राप्त गरेको हुनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको तह वृद्धि वा स्तर वृद्धि वा ग्रेड थप उपलब्ध गराउंदा देहायका मापदण्डका आधारमा गर्नुपर्नेछ ।

| हालको तह | मापदण्ड | कायम हुने तह/स्तर | अन्य प्रोत्साहन |
|---|---|---|---|
| कार्यालय सहयोगि | पाँच वर्ष भन्दा कम सेवा अवधि | सोहि स्तर | खाइपाई आएकोमा २ ग्रेड थप |
| | का.स पाँचौ स्तरमा कार्यरत रहि | सोहि स्तरमा | खाइपाई आएकोमा |

| | | | |
|---|---|---|---|
| | तह वृद्धि गर्न नमिल्ने भएमा | | २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको | १ स्तर बृद्धि | ...................... |
| सहायकस्तर चौंथो | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायकस्तर चौंथो | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको | सहायकस्तर चौंथो | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | सहायकस्तर पाँचौ | ...................... |
| सहायकस्तर पाँचौ | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायकस्तर पाँचौ | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको | सहायकस्तर पाँचौ | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैठौं | ...................... |
| अधिकृतस्तर छैठौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर छैठौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको | अधिकृतस्तर छैठौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृत सातौं | ...................... |
| अधिकृतस्तर सातौं | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर सातौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल नगरेको | अधिकृतस्तर सातौं | खाइपाई आएकोमा २ ग्रेड थप |
| | पाँच वर्ष भन्दा बढी सेवा अवधि पुरा गरेको र साविक पदको न्यूनतम शैक्षिक योग्यता हासिल | अधिकृत आठौं | ...................... |

| | | | |
|---|---|---|---|
| | गरेको | | |

(५) सेवा अवधि गणना गर्दा सम्बन्धित पदमा शुरु नियुक्ति भएको वा बढुवा नियुक्ति भएको मितिबाट ५ वर्ष अवधि पुगेको अवधिलाई गणना गरिनेछ ।

(६) यस ऐनमा उल्लेखित मापदण्ड पुगेका स्तर वृद्धि वा तह वृद्धि हुने कर्मचारी र ग्रेड थप लिन चाहने कर्मचारीलाई उक्त सुविधा लिन यो ऐन जारी भएको ७ दिन भित्र नगरपालिकाले ७ दिनको म्याद दिई दरखास्त दिन सूचना प्रकाशन गर्नेछ ।

(७) यस ऐन बमोजिम कर्मचारीको स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थपको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

क. नगर शिक्षा अधिकारी -संयोजक

ख. आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

ग. प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(८) उपदफा (६) बमोजिम प्राप्त दरखास्त उपर यस ऐनमा तोकिएको मापदण्ड पुरा भएको देखिएमा दफा (७) बमोजिमको समितिको सिफारिसमा दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र नगरपालिकाले प्रोत्साहान सुविधा सम्बन्धी पत्र (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धित कर्मचारीलाई उपलव्ध गराउनेछ ।

(९) यस ऐन बमोजिम उपलब्ध हुने ग्रेड थप प्रचलित कानुन बमोजिम त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी भए पनि यो सुविधा उपलब्ध गराउन वाधा पर्ने छैन ।

**५. प्रोत्साहन सुविधा सम्बन्धी पत्र उपलव्ध गराउने:** (१) यस ऐन वमोजिम प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप)सम्बन्धी पत्र प्रमुख प्रशासकीय अधिकृतले उपलव्ध गराउनेछ ।

(२) यस ऐनको दफा ४ को उपदफा (१) वमोजिम दिइने प्रोत्साहन सुविधा (स्तर वृद्धि वा तह वृद्धि वा ग्रेड थप) सम्बन्धी पत्रको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लुम्बिनी प्रदेश, प्रदेश लोक सेवा आयोग लुम्बिनीलाई समेत दिनुपर्नेछ ।

**६. पदस्थापन गरिने :** यस ऐन वमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको स्थनीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ अनुसार बर्दघाट नगरपालिकाको नगरसभाले स्वीकृत गरेको प्रशासकीय संगठन तथा व्यस्थापन सर्वेक्षण बमोजिमको मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ । यसरी **स्तर वृद्धि** भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्बको यथास्थानमा काम काजमा लगाउन बाधा पुगेको मानिने छैन ।

**७. जेष्ठताको गणना:** (१) कर्मचारी समायोजन ऐनको दफा ६ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम सम्बन्धित पदमा समायोजन भएको पत्र प्राप्त गरेको मिति देखि जेष्ठता कायम गरिनेछ ।

**८. विविध तथा खारेजी र बचाउ :**

**(१)** यस ऐनमा लेखिएको कुराको हकमा यस ऐन बमोजिम हुनेछ र सो ऐन कार्यान्वयन गर्न कुनै कठिनाई उत्पन्न भएमा प्रचलित नेपाल कनुन बमोजिम हुनेछ ।

**(२)** प्रस्तुत ऐन कर्मचारी संग सम्बन्धीत संघीय निजामती सेवा ऐन एवं लुम्बिनी प्रदेश सरकारले जारी गरेको प्रदेश निजामती सेवा ऐन र स्थानीीय सरकारी सेवा ऐन संग वाझिएमा प्रचलित नेपाल कानुन बमोजिम नै लागु हुनेछ ।

(३) यो ऐन बमोजिम सुविधा पाउने कर्मचारीहरुले एक पटक यो सुविधा प्राप्त गरेपछि यो ऐन स्वतः खारेज हुनेछ ।

**आज्ञाले,**

**(कृष्ण प्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**